"पाँचखाल नगर - कृषि सहर"
"Panchkhal Municipal-Agriculture City"

# पाँचखाल नगरपालिका
# Panchkhal Municipality

नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
पाँचखाल, काभ्रेपलाञ्चोक
Panchkhal, Kavrepalanchok
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal

फोन नं.: ०११-४९९४५१
Phone No.: 011-499451
फ्याक्स नं: ०११-४९९२६७
Fax No.: 011-499267

प.सं.: २०८०/०८१,
च.नं./Ref No.:

मिति : २०८०/०५/३१

## राजस्व बुझिलिने समय परिवर्तन भएको सम्बन्धी सूचना !

महालेखा नियन्त्रक कार्यालयबाट तयार भई लागू भएको **स्थानीय तह सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) मा थप गरिएको राजस्व मोड्युलमार्फत्** पाँचखाल नगरपालिका राजस्व शाखा र सबै वडा कार्यालयहरुबाट नियमित रुपमा राजस्व सङ्कलन गरी दैनिक रुपमा बैङ्क दाखिला गर्नुपर्ने भएकाले हिसाब मिलान तथा बैङ्क दाखिला गर्ने प्रयोजनार्थ साँझ ०५:०० बजेसम्म राजस्व सङ्कलन हुँदै आएकोमा **मिति २०८०/०६/०१** देखि लागू हुने गरी **देहायबमोजिम राजस्व बुझिलिने समय परिवर्तन भएको** बेहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ। वित्तीय विवरण चुस्त दुरुस्त राख्ने कार्यमा सहयोग गरिदिनुहुन सम्पूर्ण करदाताहरुमा अनुरोध छ। यसबाट सेवाग्राहीमा पर्न जाने असुविधाप्रति नगरपालिका क्षमाप्राथी छ।

देहाय :

पाँचखाल नगरपालिका, राजस्व शाखाबाट राजस्व सङ्कलन हुने समय :
**आइतबार देखि बिहीबार सम्म : बिहान १०: ०० बजे देखि साँझ ०४:०० बजेसम्म।**
**शुक्रबार : बिहान १०: ०० बजे देखि दिउँसो १२:३० बजेसम्म।**

पाँचखाल नगरपालिका अन्तर्गतका वडा कार्यालयहरुबाट राजस्व सङ्कलन हुने समय :
**आइतबार देखि बिहीबार सम्म : बिहान १०: ०० बजे देखि साँझ ०५:०० बजेसम्म।**
**शुक्रबार : बिहान १०: ०० बजे देखि दिउँसो ०३:०० बजेसम्म।**
**हरेक महिनाको अन्तिम दिन (कार्यालय खुलेको दिन) वडा कार्यालयहरुबाट राजस्व सङ्कलन पूर्ण रुपमा बन्द गर्ने।** सो दिन महिनाभरी सङ्कलन भई बैङ्क दाखिला गर्न बाँकी रकम समयमै जम्मा गरी मासिक बैङ्क रकम र राजस्व मोड्युलबाट सङ्कलित रकम हिसाब/भिडान गराउने।

द्रष्टव्य : ***उल्लिखित समयपछि वा राजस्व सङ्कलन नहुने दिनमा राजस्व बुझी सेवा प्रवाह गर्नुपर्ने भएमा सोही दिन सेवा प्रवाह गर्ने तथा भोलिपल्ट राजस्व सङ्कलन गर्ने व्यवस्था मिलाउने।***

...............
(सूर्य प्रसाद गौतम)
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ एवम् कार्यार्थ :
श्री वडा कार्यालयहरु (सबै), पाँचखाल नगरपालिका : उपर्युक्तानुसार राजस्व सङ्कलन गर्नुहुन।
श्री नेपाल बैङ्क लिमिटेड, पाँचखाल शाखा, पाँचखाल, काभ्रेपलाञ्चोक : उपर्युक्तानुसार Bank Interface मार्फत बैङ्क दाखिला कार्यमा सहजीकरण गरिदिनुहुन।